*शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office)*

*विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणमा प्रयोग भएका केही नमुना प्रश्नहरू (Released Items of National Assessment of Student Achievement-NASA)*

*कक्षा : ८ (Grade: 8)*

*विषय: नेपाली (Subject: Nepali)*

**A. NPISA6 चिठी**

**तलको चिठी पढ र सोधिएका प्रश्नहरूको जवाफ देऊ :** (१×३=३)

मिति : २०६८ असोज १५
पोखरा ।

पूज्य माता तथा पिता,
ढोग ।

म ४ दिन देखि पोखरामा छु । काकीले मलाई यहाँका महत्वपूर्ण र आकर्षक स्थानहरू देखाउनु भयो । हजुरहरूलाई थाहा छ यहाँको नदी जमिनदेखि ६ मिटर तल छ र नदीको पानी पनि सेतो छ । म अरू ३ दिन यहाँ बसेर फर्कने छु । हजुरहरूलाई छिट्टै भेट्ने प्रतिक्षासहित पत्रबाट बिदा चाहन्छु ।

हजुरहरूकी छोरी
सीता

1.NPISA6.1 **चिठी लेख्ने बेलासम्म सीता कति दिनसम्म पोखरामा बसेकी रहिछन् ?**

a. तीन दिन
b. चार दिन
c. छ दिन
d. सात दिन

2.NPISA6.2 **सीता घर फर्कने बेलासम्म जम्मा कति दिन पोखरा रहेकी हुनेछिन् ?**

a. तेह्र दिन
b. सात दिन
c. छ दिन
d. चार दिन

3.NPISA6.3 **नदीका बारेमा चिठीमा विशेष कुरा के भनिएको छ ?**

a. काकी नदीको नजिकै बस्नु हुन्छ ।
b. नदी जमिनको सतहमा बगिरहेको छ ।
c. पानीको रङ अनौठो छ ।
d. नदी सुन्दर तालमा खस्छ ।

**B. NPISA1 आर ०९१: मोरल्यान्ड**

*मोरल्यान्ड पुस्तकालय प्रणालीले यसका नयाँ सदस्यहरूलाई आफ्नो पुस्तकालय खुल्ने समय बताउँदै इन्टरनेट सङ्केत दिन्छ । यस सङ्केतको सन्दर्भमा तल दिइएका प्रश्नहरूको उत्तर देऊ :* **(१×२=२)**

| Moreland Lybray System | खुल्ने समय | | | फेब्रुअरी १, १९९८ देखि लागू हुने | | |
|---|---|---|---|---|---|---|
| | | ब्रन्स्विक पुस्तकालय | क्याम्पबेल टर्नवुल पुस्तकालय | कोबर्ग पुस्तकालय | फाव्क्नर पुस्तकालय | ग्लेनरोय पुस्तकालय |
| | आइतबार | दि.१-५साँ. | बन्द | दि.२-५साँ . | बन्द | २-५अप. |
| | सोमबार | वि.११-८साँ . | वि.११-५:३०साँ . | दि.१-८साँ . | वि.११-५:३०साँ. | वि.१०-५:३०साँ. |
| | मङ्गलबार | वि.११-८साँ . | वि.११-८साँ. | वि.११-८साँ . | वि.११-८साँ . | वि.१०-८साँ . |
| | बुधबार | वि.११-८साँ . | वि.११-८साँ . | वि.१०-८साँ . | वि.११-८साँ . | वि.१०-८साँ . |
| | विहीबार | वि.११-८साँ . | वि.११-५:३०साँ . | वि.१०-८साँ . | वि.११-५:३०साँ. | वि.१०-८साँ . |
| | शुक्रबार | वि.११-५साँ . | वि.११-५साँ . | वि.१०-८साँ . | वि.११-५:साँ . | वि.११-५:३०साँ. |
| | शनिबार | वि.१०-१ दि. | वि.१०-१ दि. | वि.९-१ दि. | वि.१०-१ दि. | वि.९-१ दि. |
| | | | | | | |

नोट : तालिकामा दि. = दिउसो, साँ. = साँझ र अप. = अपराह्न

**4. NPISA1.1 आर ०९१ प्र . ०१–०१८९**

फाव्क्नर पुस्तकालय बुधबार कति बजे बन्द हुन्छ ?

..............................................................................................................................................

.

..............................................................................................................................................

.

**5. NPISA1.2 आर ०९१ प्र.०२**

कुन पुस्तकालय शुक्रवार ६ बजे अपरान्ह सम्म पनि खुल्दछ ?

a. ब्रन्स्विक पुस्तकालय
b. क्याम्पबेल टर्नवुल पुस्तकालय
c. कोबर्ग पुस्तकालय
d. फाव्कनर पुस्तकालय
e. ग्लेनरोय पुस्तकालय

## C. NPISA4.1 आर १०० : प्रहरी

### प्रहरीका वैज्ञानिक हतियारहरू

एउटा व्यक्तिको हत्या भयो तर शङ्कास्पद व्यक्ति सबै कुरा अस्विकार गर्दछ । उसले पीडितलाई नचिनेको दाबी गर्दछ। उसले भन्छ, उसले त्यसलाई कहिल्यै चिन्दैनथ्यो, त्यसको नजिक पनि गएको छैन र उसलाई कहिल्यै छोएको पनि छैन ......। प्रहरी र न्यायाधीश विश्वस्त छन् कि उसले सत्य बोलिरहेको छैन । तर यसलाई कसरी प्रमाणित गर्ने ?

अपराध भएको घटना स्थलमा, अनुसन्धानकर्ताहरूले प्रत्येक सम्भावित विश्वास गर्न सकिने प्रमाणहरू सङ्कलन गरेका छन् जस्तै : कपडाका धागोहरू, रौँहरू, औठाँका छापहरू, चुरोटका ठुटाहरू ......। पीडितको ज्याकेटमा पाइएका केही रौँहरू राता थिए र अनौठोसँग संदिग्धका जस्तै देखिन्छन् । यदि यी रौँहरू वास्तवमा उसकै हुन् भन्ने प्रमाणित गर्न सकियो भने, यो प्रमाणित हुन सक्छ कि उसले वास्तवमा मृतक भेटेको थियो ।

**प्रत्येक व्यक्ति अद्वितीय हुन्छ**

विशेषज्ञहरू काममा लाग्दछन् । तिनीहरूले यी रौँहरूका जराका कोषहरू जाँच्छन् र केही संदिग्धका रक्तकोषहरू । हाम्रो शरीरको प्रत्येक कोषको केन्द्र ( न्युक्लियस) मा डी. एन. ए. हुन्छ ? यो भन्या के ? डी. एन. ए. मोतीका दानाहरूको दुईटा धागोहरू बङ्गयाएर बनाएको हार जस्तो हुन्छ । कल्पना गर्नु होस् कि यी मोतीका दानाहरू हजारौं रङ्गीन मोतीका दानाहरू मध्ये ४ रङ्गमा आउँछन् (जसले वंशाणु तत्व वनाउँछ) जुन विशेष क्रममा बुनिन्छन् । प्रत्येक व्यक्तिमा यो क्रम शरीरका सम्पूर्ण कोषहरूमा ठ्याक्कै उस्तै हुन्छ : रौं को जराहरूको होस् वा खुट्टोको बुढी औंलाको वा पेट वा रगतको होस् । तर यी दानाहरूको क्रम एक व्यक्ति र अर्को व्यक्तिमा फरक पर्दछ । समरूपी जुम्ल्याहाहरूको अपवादमा बाहेक यसरी बुनिएका दानाहरू दुई ओटा मानिसहरूमा समान हुने सम्भावना निकै कम हुन्छ । व्यक्ति पिच्छे फरक हुने भएकाले डि. एन .ए. एक प्रकारको वंशाणुगत परिचय पत्र हो । त्यसैले वंशाणुविदहरूले संदिग्धको वंशाणु परिचयपत्र (उसको रगतबाट निर्धारित ) र त्यो रातो कपाल भएको व्यक्तिको सँग दाँज्दछन् । यदि वंशाणुगत परिचयपत्र सँग उस्तै छ भने उनीहरूले जान्ने छन् कि मृतकलाई भेटेको छैन भन्ने संदिग्ध मानिस मृतकको नजिक गएको थियो ।

**प्रमाणको मुस्किल एक अंश :**

प्राय धैरे भन्दा धैरे जवरजस्ती करणी , हत्या, चोरी वा अरू अपराधहरूमा प्रहरीहरूले वंशाणुगत विश्लेषण गराउँदछन् । किन ? दुई ओटा मानिस, दुईओटा वस्तु वा मानिस र वस्तुबीच सम्पर्क भएको प्रमाण पत्ता लगाउन । त्यस्तो सम्पर्क पत्ता लगाउनु प्राय अनुसन्धानका लागि निकै उपयोगी सिद्ध हुन सक्दछ । तर यसले अपरिहार्य रूपमा अपराधको प्रमाण नै उपलब्ध गराउँछ नै भन्ने होइन । यो अरू धैरे प्रमाणहरूमध्ये एउटा मात्र हो ।

**हामीहरू लाखौं कोषहरूले बनेका हुन्छौं ।**

हरेक वस्तु धैरै कोषहरूले बनेको हुन्छ । कोष वास्तवमा निकै सानो हुन्छ । हामीहरूले यसलाई सूक्ष्मदर्शकीय पनि भन्न सक्दछौं किनकि यिनीहरू सूक्ष्मदर्शक यन्त्र (जसले कोषलाइ धैरै गुणा ठूलो देखाइदिन्छ) को प्रयोगबाट मात्र देख्न सकिन्छ । प्रत्येक कोषको बाहिरी झिल्ली र केन्द्र(न्युक्लियस) हुन्छ जसमा डी. एन. ए. पाइन्छ ।


**वंशाणु के हो ?**

डी. एन. ए. धैरे वंशाणु तत्व (जिन)हरू मिलेर बनेको हुन्छ, प्रत्येकमा हजारौं हजारौं दानाहरू रहन्छन् । यी सबै वंशाणु संयुक्त रूपमा एउटा व्यक्तिको वंशाणुगत परिचयपत्र बनाउँदछन् ।

**वंशाणुगत परिचयपत्र कसरी पहिचान गरिन्छ ?**

वंशाणुविदले मृतकमा पाइएको रौँहरूको आधार वा चुरोटको ठुटोमा छोडिएका र्यालबाट केही कोषहरू लिन्छन् । उनले तिनीहरूलाई त्यस्तो रसायनमा राख्दछन् जसले डी. एन. ए.हरू वरिपरिको कोषहरूको सम्पूर्ण भाग नष्ट गरिदिन्छ । त्यसपछि त्यही प्रक्रिया संदिग्धका रगतका कोषहरूसँग गर्दछन् । त्यसपछि डी. एन. ए. विशेषत विश्लेषणका लागि तयार हुन्छ । यस पछि यो एउटा विशेष घोलमा राखिन्छ र त्यो घोलवाट विधुत प्रवाह प्रवाहित गरिन्छ । केही घण्टा पछि यसले साना ठूला धर्काहरूको कम्प्युटर सङ्केत (हामीले किनेका सामानहरूमा हुने जस्तै) जस्तै धर्काहरू उत्पादन गर्दछ जुन विशेष वत्तीमुनि मात्र देखिन्छन् । संदिग्धको डी. एन. ए. का धर्कासँग मृतकमा पाइएको रौँहरूको धर्का सङ्केतसँग तुलना गरिन्छ ।

*एन भर्सालिज*



**प्रहरीको प्रयोगशालामा रहेको सूक्ष्मदर्शक यन्त्र ।**

*माथिको समसामयिक पत्रिकाको सन्दर्भमा तलका प्रश्नहरूको उत्तर देऊ :* (१×३=३)

**6. NPISA4.1 R100Q07**

परिचयको अन्तिममा (पहिलो छाया परेको भाग ) ले भन्छ : **"तर यो कसरी प्रमाणित गर्ने ?"**

अनुच्छेदका अनुसार, अनुसन्धानकर्ताहरूले यो प्रश्नको उत्तर यसरी पत्ता लगाउन प्रयास गर्दछन् :

a. साक्षीहरूलाई प्रश्न गरेर

b. वंशाणुगत विश्लेषण सम्पन्न गरेर

c. संदिग्धलाई पर्याप्त प्रश्न गरेर

d. अनुसन्धानको सबै नतिजा पुन सरसर्ती हेरेर

**7. NPISA 4.3 R100Q06**

**लेखकको मुख्य उद्देश्य के हो ?**

a. चेतावनी दिनु

b. मनोरञ्जन दिनु

c. जानकारी दिनु

d. विश्वास दिलाउनु

**8. NPISA4.4 R100Q04**

**डी. एन. ए को ढाँचा व्याख्या गर्न, लेखकले मोतीको हारको बारेमा कुरा गर्दछन् । यी मोतीका हारहरू कसरी एक व्यक्ति देखि अर्कोमा भिन्न हुन्छन् ?**

a. तिनीहरू लम्बाइमा फरक हुन्छन् ।

b. दानाहरूको क्रममा फरक पर्दछ ।

c. हारहरूको सङ्ख्या फरक हुन्छ ।

d. दानाहरूको रङ फरक हुन्छ ।

**D. N08Q3 सहिद**

*तलको अनुच्छेद पढी त्यसका अन्तमा सोधिएका प्रश्नको उत्तर लेख :*

यहाँ हरेक क्षेत्रबाट सहिदको अपमान भइरहको छ । के हो सहिदको अर्थ ? भाडाको गाडीले किचेर मरे पनि सहिद घोषणा गर्न माग गरिन्छ । अनि भनिन्छ "उहाँले देशका लागि यस्तो सपना देख्नु भएको थियो ।" सडकमा बदाम बेच्न बसेका, दाइ भेट्न पहाडबाट आएको रामकृष्ण, पशुपति दर्शन गर्न आएको शिवभक्त, अरब जान आएको हरि, कार्यालयबाट घर फर्कदै गरेको जुजुमान हुलमुलमा परेर आन्दोलनमा मर्न पुग्छन् । यो दुःखदायी घटना हो । उनीहरूलाई उचित क्षतिपूर्ति दिनु सरकारको दायित्व र कर्तव्य हो । तर सबैलाई सहिद घोषणाको माग गर्न वास्तविक सहिदको अपमान हो ।

सहिद त्यो मात्र हुन्छ, जसको उद्देश्य देशवासीको हितसँग जोडिएका मुद्दामा आफू मर्छु भन्ने जान्दाजान्दै पनि ज्यानको पर्वाह नगरी हिँड्दा मारिएको व्यक्ति । भाग्दाभाग्दै मर्ने पनि सहिद, भाग्दा ठेस लागेर मर्ने पनि सहिद, आमसभामा जाँदा गाडी पल्टेर मर्ने पनि सहिद ? यसरी पवित्र सहिद शब्दमाथि अन्याय नगरौं ।

**प्रश्नहरू :**

**9. N08Q3E** वास्तविक सहिद कस्लाई मान्न सकिन्छ ? (१ + १)

**10. N08Q3d** के गर्दा वास्तविक सहिदको अपमान हुन्छ ? (१ + १)

**E. N2S_52 तलको गदयांश पढी सोधिएका प्रश्नहरूको उत्तर देऊ :**

बाल बालिका शारीरिक तथा मानसिक रूपमा परिपक्व नहुने हुँदा उनीहरूलाई विशेष स्याहार र सुविधाको आवश्यकता पर्दछ । उनीहरूलाई संरक्षण गर्नु, बाँच्नका लागि चाहिने आधारभूत कुराहरूको व्यवस्था गर्नु, शिक्षा प्रदान गर्नु, स्वास्थ्य सेवा पुऱ्याउनु, खेल, मनोरञ्जन र आराम गर्न दिनु, माया दिनुका साथै हेला, दुर्व्यवहार र शोषणबाट जोगाउनु पर्दछ । शान्ति समझदारी र सुरक्षापूर्ण वातावरणमा असल शिक्षा हासिल गर्दै स्वस्थ भएर आफ्नो बाल्यकाल बिताउन पाउनु प्रत्येक बाल बालिकाको जन्मसिद्ध अधिकार हो । बाल अधिकार भनेको बालबालिकालाई सामाजिक असुरक्षा, अशिक्षा, अवहेलना, तिरस्कार, शोषण र उत्पीडनको विरुद्ध संरक्षण प्रदान गर्दै तिनको बाल्यावस्था सुरक्षित गर्नु हो । बाल बालिका स्वयम्ले आफ्नो अधिकार लिन नसक्ने हुँदा उनीहरूको अधिकार संरक्षण गर्नु अभिभावकहरूको दायित्व हो । छोटकरीमा भन्नु पर्दा बाल अधिकार भनेको बाल बालिकाहरूको बाँच्न पाउने अधिकार, संरक्षण पाउने अधिकार र आफ्नो बारेमा गरिने नीति निर्माण र सामाजिक गतिविधिमा सहभागी हुन पाउने अधिकारको सम्पूर्ण रूप हो । सोही अनुसार बाल अधिकारसम्बन्धी महासन्धि राज्य राज्यहरूबीचको एक सम्झौता पत्र पनि हो ।

**प्रश्नहरू :**

**11. N2S_52** बालबालिकाहरूप्रति अभिभावकहरूको कर्तव्य के हो ? (१ + १)

**12. N2S_51** बालबालिकाका जन्मसिद्ध अधिकार के के हुन् ? (१ + १)

**13. N2S_53** माथिको अनुच्छेदको उपयुक्त शीर्षक के हुन सक्छ ? (१ + १)

**14. N2S_55** माथिको गदयांशको एक तिहाइ भागमा सारांश लेख । ( २ + २ )

❖ **कोष्ठकमा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर :** **(१×४=४)**

**15. N3E_14** सभासदहरूले समयमै ……………… बनाएनन् । ( a. संसद b. संविधान c. सांसद )

**16. N1E_8** नवीन ……………… ( a. नयाँ b. नरम c. शरम )

**17. N4E_5** नेपाल …………………… मुलुक हो । ( a. भूपरिवेष्टित b. भूमण्डलीकरण c. भू-क्षय )

**18. N1E_34** श्रुतिसम भिन्नार्थी शब्दहरू : ……………… ( a. साला-शाला b. साला-शाली c. साला-भिनाजु )

❖ **जोडा मिलाऊ :**

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| | a. पढेका थियौ |
| | b. पढेकी थिई |
| 19. **N2E_10** छोराले | c. पढेका थिए |
| | d. पढ्नु भएको थियो |
| | e. पढेको थिइस् |
| | f. पढेको थियो |

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| | a. धर्म |
| | b. शत्रु |
| 20. **N3E_5** मित्र | c. साथी |
| | d. भित्र |
| | e. उज्यालो |

**सही उत्तरमा गोला घेरा लगाऊ :** **(१×४=४)**

21. **N4E_8** सही शब्द कुन् हो ?

a. सम्चार b. सन्चार c. सञ्चार d. सङ्चार

22. **N1E_25** तलका कुन वाक्यमा विस्मयादिबोधक प्रयोग भएको छ ?

a. धन्यवाद, तिमीले राम्रो काम गरेछौ ! b. उनी आउँछन् कि कुन्नि

c. उनी आउँदै होलान् हैन । d. बुढो हात्ती मरेछ ।

23. **N2E_13** 'दैत्य' को अर्थ कुन हो?

a. शत्रु b. मित्रता c. राक्षस d. देवता

24. **N2E_19** करण कारकको प्रयोग कुन वाक्यमा भएको छ ?

a. तिमी कोदालाले खेत खन्छौ ।
b. ऊ घोडा माथि चढ्यो ।
c. सबरी भैरहवाबाट नेपालगन्ज गई ।
d. बुबा सबेरै उठ्नुभयो ।

❖ **तलका उद्धरणहरू ठीक भए खालीकोठामा T र बेठीक भए खालीकोठामा F लेख :** (१×२=२)

25. **N1TE_2** वचनका आधारमा वाक्य परिवर्तन गर्दा क्रियापद एक वचनमै भए पनि हुन्छ । ☐

26. **N3TE_2** 'जन्म र मृत्यु' पर्यायवाची शब्द हुन् । ☐

27. **N08Q11** ***सङ्केतका आधारमा तलका खाली ठाँउ भर :*** (१×४=४)

a. रामले त्यो काम ................................. (अज्ञान भूतकाल)
b. दीपाले मिसलाई चिठी .......................... (अपूर्ण भूत)
c. त्यो सधै सफल .................................. (इच्छार्थक)
d. तिमीहरू जाडामा घर .......................... (सामान्यार्थ)

28. **N3E_47 दिइएको वाक्यलाई एकवचन भए बहुवचनमा र बहुवचन भए एकवचनमा परिवर्तन गर :** १

म कक्षा आठमा पढ्ने विद्यार्थी हुँ ।

29. **N3S_49 अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :** १

अल्छी तिघ्रो स्वादे जिब्रो

30. **N3S_41 कोष्ठकको निर्देशन अनुसार वाच्य परिवर्तन गर :** १

संयोगले चिया खायो । (कर्मवाच्य)

31. **N3S_25 कोष्ठकमा दिइएका घातु र निर्देशनअनुसार खाली ठाउँमा उपयुक्त क्रियापद बनाई वाक्य पूरा गर :** १

म तिमीलाई राम्रो उपदेश .................. । (दि : सम्भावनार्थ)

32. **N08Q16** **अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर :** **(१×५=५)**

a. नि : ..........................................................................................................................

..........................................................................................................................

b. किसान : ..........................................................................................................................

..........................................................................................................................

c. व्यापारी : ..........................................................................................................................

..........................................................................................................................

d. भाग्य : ..........................................................................................................................

..........................................................................................................................

e. परजीवी ..........................................................................................................................

..........................................................................................................................

33. **N3S_58** तल दिइएको निवेदनमा केही शब्द छुटाइएका छन् ; खाली ठाउँमा उपयुक्त शब्द भरी निवेदन पूरा गर । ५

........................

............. जिल्ला वन अधिकृत

जिल्ला वन कार्यालय,

वाग्लुङ ।

..................... : विरुवा उपलब्ध गराई पाऊँ ।

महोदय

उपर्युक्त सम्बन्धमा हाम्रो रातमाटा गा.वि.स. का डाँडापाखामा वोटविरुवाको कमी हुन गई .............. मासिँदै गएकाले ती उजाड स्थलमा ..................... गर्नका लागि विभिन्न जातका पाँचसय ओटा ........................आवश्यक परेकाले उपलब्ध गराइ पाऊँ भनी ........... समक्ष यो ............... पेस गर्दछौं । यसबाट ...................... डाँडापाखामा पहिरो जाने खतरा पनि हुने कुरामा हामी विश्वस्त छौं ।

भवदीय,

.........................

वन उपभोक्ता समिति

.......................... ।

34. **N4S_58** दिइएका बुँदाका आधारमा 'सफलताको रहस्य' शीर्षकमा छोटो कथा तयार पार : ५

- कुनै ठाउँमा कछुवा र खरायो बस्नु
- खरायोलाई दौडन सक्छु भन्ने घमण्ड हुनु
- कछुवालाई दौडन कर गर्नु
- कछुवाले खरायोको सल्लाह मान्नु
- दौडमा खरायो धेरै टाढा पुग्नु
- कछुवालाई धेरै पछाडि देखेर खरायोले आराम गर्नु
- आराम गर्दा निदाउनु
- कछुवा आफ्नै गतिमा हिँडेर दौड जित्नु
- विना थकावट निरन्तर काम गर्नाले सफल भइने सार ।

35. **N4S_61** 'विज्ञानभन्दा प्रकृति बलियो' भन्ने विषयको विपक्षमा १०० शब्दसम्ममा आफ्ना तर्कहरू प्रस्तुत गर । ५

36. **N1S_62** 'मेरो विद्यालय' शीर्षकमा १५० शब्दमा नबढाई निबन्ध लेख । ८

37. **N4S_60** 'छुवाछुत प्रथा' शीर्षकमा १०० शब्दसम्ममा एउटा संवाद तयार पार । ५

*Item Statistics*

| SN | label | max value | % of correct answered | Difficulty level | Variance | Item-Total Correlation | Type | Topic | Subtopic | Hierarchical level | Beta Parameter (β) | Standard Error of β | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NPISA6.1 | 1 | 0.851 | 85< | 0.128 | 0.432 | Objective | Reading | Short text | Knowledge | -2.599 | 0.521 | PISA Items |
| 2 | NPISA6.2 | 1 | 0.743 | 70-84 | 0.193 | 0.467 | Objective | Reading | Short text | Comprehension | -1.820 | 0.487 | PISA Items |
| 3 | NPISA6.3 | 1 | 0.500 | 50-69 | 0.253 | 0.432 | Objective | Reading | Short text | Higher ability | -0.538 | 0.474 | PISA Items |
| 4 | NPISA1.1 | 1 | 0.892 | 85< | 0.098 | 0.462 | Objective | Reading | tables & Numericals | Higher ability | -3.000 | 0.470 | PISA Items |
| 5 | NPISA1.2 | 1 | 0.338 | 0-34 | 0.227 | 0.482 | Objective | Reading | tables & Numericals | Higher ability | 0.367 | 0.487 | PISA Items |
| 6 | NPISA4.4 | 1 | 0.581 | 50-69 | 0.247 | 0.575 | Objective | Reading | Informative meeium text | Higher ability | -0.941 | 0.474 | PISA Items |
| 7 | NPISA4.3 | 1 | 0.527 | 50-69 | 0.253 | 0.322 | Objective | Reading | Informative meeium text | Higher ability | -0.672 | 0.474 | PISA Items |
| 8 | NPISA4.1 | 1 | 0.243 | 0-34 | 0.187 | 0.476 | Objective | Reading | Informative meeium text | Higher ability | 0.845 | 0.500 | PISA Items |
| 9 | N08Q3E | 1 | 0.867 |  | 0.115 | 0.318 | Objective | Reading/ writing | short Informative text | comprehension | -2.451 | 0.062 |  |
| 10 | N08Q3d | 1 | 0.712 |  | 0.205 | 0.368 | Objective | Reading/ writing | short Informative text | higher ability | -1.427 | 0.050 |  |
| 11 | N2S_52 | 1 | 0.605 | 50-69 | 0.245 | 0.352 | Subjective | Reading/ writing | Informative text | Comprehension | -1.780 | 0.233 |  |
| 12 | N2S_51 | 1 | 0.565 | 50-69 | 0.200 | 0.422 | Subjective | Reading/ writing | Informative text | Comprehension | -1.509 | 0.236 |  |
| 13 | N2S_53 | 1 | 0.333 | 0-34 | 0.769 | 0.628 | Subjective | Reading/ writing | Informative text | Higher ability | 0.952 | 0.344 |  |
| 14 | N2S_55 | 2 | 0.413 | 35-49 | 0.705 | 0.494 | Subjective | Reading/ writing | Summary | Comprehension | 0.048 | 0.207 |  |
| 15 | N3E_14 | 1 | 0.930 | 85< | 0.066 | 0.241 | Objective | Vocabulary | technical word | Comprehension | -3.337 | 0.235 |  |

| SN | label | max value | % of correct answered | Difficulty level | Variance | Item-Total Correlation | Type | Topic | Subtopic | Hierarchical level | Beta Parameter (β) | Standard Error of β | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 16 | N1E_8 | 1 | 0.810 | 70-84 | 0.157 | 0.413 | Objective | Vocabulary | synonym | Comprehension | -2.216 | 0.151 | |
| 17 | N4E_5 | 1 | 0.710 | 70-84 | 0.208 | 0.194 | Objective | Vocabulary | technical word | Comprehension | -1.584 | 0.136 | |
| 18 | N1E_34 | 1 | 0.670 | 50-69 | 0.221 | 0.443 | Objective | Vocabulary | homonomy | Comprehension | -1.428 | 0.128 | |
| 19 | N2E_10 | 1 | 0.620 | 50-69 | 0.236 | 0.485 | Objective | Grammar | sangati | Comprehension | -1.237 | 0.129 | |
| 20 | N3E_5 | 1 | 0.260 | 0-34 | 0.191 | 0.279 | Objective | Vocabulary | antonym | Comprehension | 0.724 | 0.142 | |
| 21 | N4E_8 | 1 | 0.910 | 85< | 0.082 | 0.199 | Objective | Grammar | barna binyas | Comprehension | -3.165 | 0.210 | |
| 22 | N1E_25 | 1 | 0.700 | 70-84 | 0.210 | 0.329 | Objective | Grammar | Notation and symbol | Comprehension | -1.503 | 0.067 | |
| 23 | N2E_13 | 1 | 0.560 | 50-69 | 0.247 | 0.351 | Objective | Vocabulary | word meaning | Comprehension | -0.950 | 0.126 | |
| 24 | N2E_19 | 1 | 0.330 | 0-34 | 0.223 | 0.275 | Objective | Grammar | case | Comprehension | 0.130 | 0.132 | |
| 25 | N3E_47 | 1 | 0.660 | 50-69 | 0.225 | 0.473 | Objective | Grammar | wakya paribartan | Application | -1.237 | 0.131 | |
| 26 | N1TE_2 | 1 | 0.640 | 50-69 | 0.232 | 0.286 | Objective | Grammar | Bachan | Knowledge | -1.253 | 0.126 | |
| 27 | N3TE_2 | 1 | 0.520 | 50-69 | 0.250 | 0.352 | Objective | Vocabulary | synonym | Knowledge | -0.587 | 0.125 | |
| 28 | N08Q11 | 4 | 0.343 | | 1.604 | 0.499 | Objective | grammar | tense | application | 0.331 | 0.078 | |
| 29 | N3S_49 | 1 | 0.310 | 0-34 | 0.215 | 0.493 | Objective | Vocabulary | Ukhan tuka | Application | 0.422 | 0.134 | |
| 30 | N3S_41 | 1 | 0.310 | 0-34 | 0.215 | 0.554 | Objective | Grammar | Voice change | Application | 0.422 | 0.134 | |
| 31 | N3S_25 | 1 | 0.210 | 0-34 | 0.166 | 0.477 | Objective | Grammar | Bhab | Application | 1.023 | 0.152 | |
| 32 | N08Q16 | 5 | 0.648 | | 2.199 | 0.548 | Objective | writing/ vocabulary | making sentence | application | -0.885 | 0.073 | |
| 33 | N3S_58 | 5 | 0.494 | 35-49 | 1.331 | 0.708 | Subjective | writing | letter | Application | -0.258 | 0.260 | |
| 34 | N4S_59 | 4 | 0.473 | 35-49 | 0.912 | 0.727 | Subjective | writing | story | Higher ability | 0.006 | 0.260 | |
| 35 | N4S_61 | 4 | 0.445 | 35-49 | 1.204 | 0.683 | Subjective | writing | debate | Higher ability | 0.116 | 0.242 | |
| 36 | N1S_62 | 8 | 0.384 | 35-49 | 3.691 | 0.734 | Subjective | writing | essay | Higher ability | 0.179 | 0.352 | |
| 37 | N4S_60 | 4 | 0.278 | 0-34 | 1.914 | 0.656 | Subjective | writing | conversation | Higher ability | 0.459 | 0.346 | |

*The items remarked "PISA item" are taken from the PISA released items. The statistics mentioned here are based on the NASA results.*